नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(अपाङ्गता अधिकार प्रवर्द्धन शाखा)

सिंहदरबार,काठमाडौं
फोन नं. : ४२००१२५

पत्र संख्या : ०७६/०७७
च.नं : 3

मिति २०७६/५/१५

श्री स्थानीय तह,सवै ।

विषय : पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापना सम्वन्धमा ।

उपर्युक्त विषयमा पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको मानवीय संवेदनशिलताको सम्वन्धमा कतिपय स्थानीय तहले हालसम्म पनि त्यस्ता लक्षित वर्गका समस्यालाई सम्वोधन नगरी अझै पिडित अवस्थामा रहनुपरेको भनी सम्वन्धित व्यक्ति तथा संरक्षकबाट यस मन्त्रालयमा गुनासाहरु प्राप्त हुन थालेको सन्दर्भमा नेपालको संविधानको भाग ५ राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अन्तर्गत अनुसुची -८ मा स्थानीय तहको एकल अधिकारको रुपमा बुदा १६ मा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन विषय समेत समावेश भएको तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (त) मा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन सम्वन्धी विषय उल्लेख भएको व्यहोरा अवगत नै छ ।

त्यसैगरी अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन,२०७४ को दफा २९ मा नेपाल सरकारले पुर्ण अशक्त, अति अशक्त, सहाराविहिन वा वौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई पुनर्स्थापना गर्नेछ भनी उल्लेख भएको व्यहोरा अनुरोध छ । उक्त ऐनको दफा ४३ वमोजिम स्थानीय समन्वय समितिको कार्य र दफा ५८ बमोजिमको संरक्षण अधिकृत तोक्ने व्यवस्था रहेको व्यहोरा अवगत नै होला । उक्त सम्वन्धमा स्थानीय तहलाई संवैधानिक एवं कानुनी रुपमा प्राप्त काम, कर्तव्य, अधिकार एवं जिम्मेवारी अनुरुप आफ्नो क्षेत्र भित्रका त्यस्ता प्राथमिकता प्रदान गर्नुपर्ने व्यक्तिहरुलाई यथाशक्य प्रत्यक्ष लाभ पुग्ने गरी आफ्नो कार्यक्रम भित्र समाबेश गर्ने व्यवस्थाकालागी र सेवा सुविधा उपलव्ध गराउने कार्यक्रम महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका एबं गाउँपालिकाबाट संचालन हुने गरि व्यवस्था मिलाईदिने प्रयोजनको लागि मिति २०७६।०५।१५ को सचिव स्तरको निर्णयानुसार अनुरोध छ ।

वोधार्थ /कार्यार्थ
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिहंदरवार , काठमाण्डौ : उक्त व्यहोरा सवै स्थानीय तहमा परिपत्र गरिदिनुहुन ।
श्री सामाजिक विकास मन्त्रालय सातै प्रदेश : उक्त सम्बन्धमा आबश्यक सहयोग गरिदिन हुन ।

ओम प्रसाद भट्टराई
शाखा अधिकृत